नेपाली कागजमा



# साना किसान प्रशिक्षार्थी कार्यक्रम

## अभिभावकको मञ्जुरीनामा (शेयर सदस्य स्वयम् जग्गा धनी भएको अवस्थामा)

लिखितम् श्री ........................................को नाति/नातिनी/बुहारी श्री ...................................... .....को छोरा /छोरी/पत्नी .............................जिल्ला ........................ ..............पालिका वडा नं. ....बस्ने वर्ष ......को म..................................(ना.प्र.नं. ...................र जारी मिति.........................) आगे साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., साना किसान कृषि प्रशिक्षार्थी निर्देशिका, २०७१ (संशोधन सहित) तथा निम्न उल्लेखित शर्त सुविधाको अधिनमा रही साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रममा मेरा एकाघर परिवारका .......... नाताका व्यक्ति ....................... लाई सहभागी गराउन इच्छुक भई सो को लागि अभिभावकको तर्फबाट लिखत गरिदिन मञ्जुर भई साना किसान सहकारी संस्था लि. ............... को कार्यालय ............. मा बसी निम्न साक्षीहरुको रोहबरमा मेरो मनोमान खुसीराजीसाथ देहायका शर्त सुविधा पूर्ण रुपमा स्वीकार गरी यो मञ्जुरीनामाको कागज लेखि लेखाई त्यसमा सहिछाप गरी .....................साना किसान कृषि सहकारी संस्था लि. ........... ................मा चढाएँ ।

शर्त सुविधाहरु

१. म ..............................यस ....... .....साना किसान कृषि सहकारी संस्था लि..................... को समूह नं.............मा आबद्ध भएको यस संस्थाको ............ कित्ता शेयर खरिद गरेको साना किसान सदस्य हुँ । यस संस्थाबाट सञ्चालित कार्यक्रमहरुमा मेरो सक्रिय सहभागिता रहँदै आएको छ । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को सहयोगमा यस संस्थाको सहभागितामा सञ्चालन हुने साना किसान प्रशिक्षार्थी कार्यक्रममा मेरा एकाघरको ... ...... ..............नाता पर्ने ................................. (आवेदकको नाम) ले समेत प्रशिक्षार्थीको रुपमा इजरायल जान पाउँ भनी आवेदन दिएकोमा मेरो पूर्ण सहमति छ । यस विषयमा मेरो छोरा/छोरी/पत्नीले संस्थामा पेश गरेको आवेदनमा मञ्जुर गरेका सबै शर्तहरुको बारेमा मलाई पूर्ण जानकारी छ । ती शर्तहरु मलाई समेत पूर्ण मञ्जुर छ ।

२. म यस कार्यक्रम अन्तरगत प्रशिक्षणका लागि मेरो एकाघरको ... ...... ..............नाता पर्ने ............................. (आवेदकको नाम) छनौट भई इजरायल जान पाएमा उक्त अवधि पुरा भए पछि अनिवार्य रुपमा स्वदेश फर्काउने मेरो पूर्ण जिम्मेवारी रहने छ । नफर्किएमा जरिवाना स्वरुप रु. १४,००,०००/- (अक्षरेपि चौध लाख) रकम मेरो चल अचल सम्पत्ति र तल उल्लिखित घर जग्गा समेत बेचविखन गरी र नगद धरौटी राखेको रकम रु. १,००,०००/- (अक्षरेपि एक लाख) मात्र समेत गरी जम्मा रु. १५,००,०००/-(अक्षरेपि पन्ध्र लाख) बराबरको रकम साना किसान कृषि सहकारी संस्था लि........... ले मेरो नाममा ऋण जनाई वा नजनाई संस्थाको बाँकी बक्यौता सरह गरी असुल गरि लिनु । ....... साना किसान कृषि सहकारी संस्था लि...........ले यसै लिखतलाई आधारमानी मेरो तल उल्लिखित घर जग्गा बेचविखन गरी रु. १४,००,०००/- र नगद धरौटी राखेको रकम रु. १,००,०००/- मात्र असुल उपर गरी लिएमा म यो विषय लिएर कतै उजुरबाजुर गर्ने छैन गरेमा यसै लिखतको आधारमा बदर गराई दिनु । मैले धितो स्वरुप लेखिदिएको घर जग्गाको विवरण देहाय अनुसार छ :-

| क्र. | घर/जग्गा धनीको | | | जग्गाको विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सं. | नाम | बाबु | बाजे | जिल्ला | ...............पालिका | वडा नं | कित्ता नं | क्षेत्रफल |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

३. माथि उल्लिखित धितो शुरक्षण वापत लेखिदिएको धितो सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट रोक्का वा दृष्टिबन्धक गरे गराएमा मेरो मञ्जुरी छ ।

४. म ...... ...........साना किसान कृषि सहकारी संस्था लि............... ...........को समूह नं..... मा आबद्ध संस्थाको शेयर सदस्य हुँ । मलाई संस्थाको सम्पूर्ण नियम नीतिहरुको बारेमा जानकारी छ । संस्थाको कुनै पनि नीति नियम र सञ्चालक समितिले गरेको निर्णयहरुको विपरित हुने काम गर्ने छैन ।

कागज तयार गर्नेको नाम पद र दस्तखत :...........................................................................

कागज जाँच्नेको नाम पद र दस्तखत :-...........................................................................

**साक्षीहरु :**

१. ...............जिल्ला ................ ....पालिका वडा नं. ... बस्ने वर्ष ..... को ..................... .............
(ना.प्र.नं..................र जारी मिति.......................)

२. जिल्ला ................ पालिका ............ वडा नं. ... बस्ने वर्ष ..... को ................................
(ना.प्र.नं..................र जारी मिति.......................)

इति संवत् २०......... साल ............. महिना ........... गते रोज ........ शुभम् ।

**दा.** **बा.**